जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १०२ २०७९ साल मंसिर १ गते बिहीबार (17 Nov. 2022 Thursday) मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : दलको प्राथमिकतामा ... ३ पृष्ठमा : चुनावमा उपभोक्ता बजार ... ३ पृष्ठमा :इरानले यमन पठाएको ...

# लोकतान्त्रिक-बाम गठबन्धनले गर्‍यो शक्ति प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, ३० कात्तिक ।**

मौन अवधी सुरु हुनु दुई दिनअगावै सप्तरी क्षेत्र नं. २ मा बुधबार लोकतान्त्रिक-बाम गठबन्धनले शक्ति प्रदर्शन गरेको छ ।

निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधिसभा सदस्यतर्फ सत्तारुढ गठबन्धनका साझा उम्मेदवार जयप्रकाश ठाकुर र गठबन्धनमा आवद्ध प्रदेशसभा सदस्य २ को १ का उम्मेदवार सरोज मण्डल र २ को २ का उम्मेदवार उमेशप्रसाद यादवले संयुक्त रुपमा शक्ति प्रदर्शन गरेका हुन् ।

राजविराजस्थित पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालयको खेलमैदानबाट हजारौंको संख्यामा निस्केको जुलुस नगर परिक्रमा गर्दै पुनः सोही स्थानमा पुगेर चुनावी सभामा परिणत भएको थियो ।

जुलुसमा काँग्रेस, लोसपा, माओवादी र एकीकृत समाजवादीका जिल्लास्तरिय नेता कार्यकर्ताका साथै सर्वसाधारणसमेतको सहभागिता देखिन्थ्यो । चुनावी प्रचार प्रसारका क्रममा पहिलो पटक गठबन्धनका उम्मेदवारले संयुक्त रुपमा यस्तो जुलुस निकालेका हुन् ।

गठबन्धन आवद्ध दलका जिल्ला नेताहरुसँगै स्थानिय कार्यकर्ताको समेत उत्साहजनक सहभागिताले मनोवल उच्च भएको सत्तारुढ गठबन्धनका तर्फबाट प्रतिनिधिसभाका उम्मेदवार रहेका ठाकुरले बताए ।

नगर परिक्रमा पश्चात् आयोजित चुनावी सभालाई सत्तारुढ गठबन्धनका प्रदेशसभा २ को १ का उम्मेदवार सरोज मण्डल, २ को २ का उम्मेदवार उमेशकुमार यादव, नेपाली काँग्रेसका रामकुमार यादव, इर्साद अन्सारी, महानन्द यादव लगायतले पनि सम्बोधन गर्दै गठबन्धनको उम्मेदवारको पक्षमा मतदान गर्न अपील गरे ।

निर्वाचन कार्यक्रम अनुसार मंसिर ४ गते आइतबार हुने निर्वाचनका लागि बिहीबार राती १२ बजे देखी मौन अवधी सुरु हुँदैछ । मौन अवधी अगावै प्रचारप्रसार सकाएर मतदातालाई आफ्नो पक्षमा पार्ने अन्तिम प्रयास स्वरुप विभिन्न दलका उम्मेदवारहरुद्वारा घरदैलो, चुनावी सभा र रोड शो लगायतका गतिविधी तिब्र बनाएका छन् ।

# बदर मत प्रतिशत घटाउन नमूना मतदान



**दैनिक समाचारदाता**
**राजविराज, ३० कात्तिक ।**

आउँदो मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा बदर मत प्रतिशत घटाउन मतदाता शिक्षासहित बुधबार राजविराजमा नमूना मतदान गरिएको छ ।

जिल्ला निर्वाचन कार्यालय सप्तरीले राजविराज नगरपालिका कार्यालय परिसरमा मतदाता शिक्षा कार्यक्रमसहित नमूना मतदान कार्यक्रम आयोजना गरेको हो ।

मतदाता शिक्षा कार्यकर्ताको प्रयोग गरि सचेतनाका लागि मतदाता शिक्षा र नमूना मतदान कार्यक्रमको आयोजना गरिएको जिल्ला निर्वाचन अधिकारी रमेशकुमार जोशीले बताए ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मतदान गर्न योग्य १८ वर्षदेखी माथीका व्यक्तिलाई सहभागि गराई नमूना मतदान गराइएको थियो । निर्वाचन प्रक्रियाकै ढाँचामा गरिएको नमूना मतदान कार्यक्रममा १ सय भन्दा बढी सर्वसाधारण सहभागि भए ।

चुनावमा सदर मत बढाउन, सुसुचित मतदाता तयार गर्न र मतको महत्व बुझाउन थालिएको नमूना मतदान कार्यक्रम जिल्लाका सबै पालिकामा पुऱ्याइएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# जयनगर-कुर्था रेल मार्गमा चार दिन रेल सेवा बन्द हुने

जनकपुरधाम, ३० कात्तिक (रासस) ।

जयनगर-कुर्था रेल्वे मार्गमा बिहीबारदेखि चार दिन रेल सेवा बन्द हुने भएको छ ।

मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई दृष्टिगत गरी मङ्सिर

*बाँकी दुई पृष्ठमा*

# लोसपाका उम्मेदवार मेहताको उम्मेदवारी बदर



**दैनिक समाचारदाता**
**राजविराज, ३० कात्तिक ।**

निर्वाचन आयोगले सुनसरी जिल्लाको प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ४ को (२) का लोकतान्त्रिक समाजवादी पार्टी नेपालका उम्मेदवार सन्तोषकुमार मेहताको उम्मेदवारी बदर हुने निर्णय गरेको छ ।

निर्वाचन आयोगका उपसचिव एवं सहायक प्रवक्ता कमल भट्टराईद्वारा बुधबार जारि विज्ञप्तिमा आयोगले प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७३ को दफा १३ को खण्ड (च) बमोजिम मेहताले बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएकोले निजको उम्मेदवारी प्रदेश सभा सदस्य पदका लागि अयोग्य ठहर गरेको हो ।

मेहताले उम्मेदवारी मनोनयनको क्रममा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा १८ को उपदफा (६) सँग सम्बन्धित अनुसूची ६ बमोजिम प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७३ को दफा १३ को खण्ड (च) मा भएको कानूनी व्यवस्था बमोजिम आफू अयोग्य नभएको भनी स्वघोषणा गरेकोमा आफ्नै स्वघोषणाको प्रतिकुल हुने गरी प्रदेश सभा सदस्यको उम्मेदवारी मनोनयन गरेको समेतका आधारमा उम्मेदवारी बदर गरिएको हो ।

मेहताको उम्मेदवारी बदर भएसँगै निर्वाचनका मतपत्रहरू छपाई भई सम्बन्धित मतदान

*बाँकी अन्तिम पृष्ठमा*

# निर्वाचनका दिन सार्वजनिक सवारी नचल्ने

काठमाडौँ, ३० कात्तिक (रासस) ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका दिन मङ्सिर ४ गते काठमाडौँ उपत्यकमा सार्वजनिक सवारी साधन सञ्चालन नहुने भएका छन् ।

निर्वाचमा शान्ति सुरक्षालाई दुष्टिगत गरी काठमाडौँ, ललितपुर र भक्तपुरमा सवारी साधन सञ्चालनमा रोक लगाइएको हो । तीन जिल्लाका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) को आज बसेको संयुक्त बैठकले मतदानका दिन निर्वाचन आयोगको मापदण्डअनुसार सवारी सञ्चालनमा रोक लगाउने निर्णय भएको काठमाडौँका प्रजिअ घनश्याम उपाध्यायले जानकारी दिनुभयो ।

निर्वाचन आयोगले मापदण्ड तोकेका र पास भएका सवारी साधनबाहेक अन्य सार्वजनिक सवारी साधन नचल्ने उहाँले उल्लेख गर्नुभयो । मतदानका दिन बिहान ४ गतेदेखि बेलुकी ७ बजेसम्म उपत्यकामा सवारी आवागमन बन्द गर्ने निर्णय गरिएको हो ।

बैठकले सवारी साधनको व्यवस्थापन गर्ने, मदिराको ओसारपसार, बिक्रीवितरण र सेवनमा रोक लगाउने बैठकले निर्णय गरेको छ । अत्यावश्यक सेवाबाहेक मङ्सिर १ र २ गते तीनवटै जिल्ला प्रशासनको सेवा बन्द गर्ने निर्णय गरिएको उहाँको भनाइ छ । खानेपानी, विद्युत्, एम्बुलेन्स, दमकलजस्ता अत्यावश्यक सवारी साधन भने सञ्चालन हुनेछन् ।

# ९० म्यादी प्रहरी कारबाहीमा

काठमाडौँ, ३० कात्तिक (रासस) ।

निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने ९० म्यादी प्रहरी कारबाहीमा परेका छन् ।

प्रहरी नायब महानिरीक्षक एवं प्रहरी प्रवक्ता टेकप्रसाद राईका अनुसार यही कात्तिक २९ गतेसम्म ८९ जना पुरुष र एक महिला म्यादी प्रहरी कारबाहीमा परेका हुन् । "आचार संहिता विपरित काम गर्ने म्यादी प्रहरीलाई कारबाही गरिएको हो", उहाँले भन्नुभयो, "कारबाहीमा पर्नेमा अधिकांश मादक पदार्थ सेवन गरी कार्यस्थलमा खटिने छन् । उहाँहरुलाई पटक-पटक चेतावनी दिँदासमेत अटेर गरेपछि कारबाही

*बाँकी तीन पृष्ठमा*

# दलको प्राथमिकतामा शिक्षा : घोषणापत्र कार्यान्वयनमा उदासीनता

काठमाडौं, ३० कात्तिक (रासस)।

२०७४ सालको निर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को वाम गठबन्धनले साझा घोषणामार्फत शिक्षा क्षेत्रमा २० प्रतिशत बजेट छुट्याउने वाचा गर्‍यो। निर्वाचनमा वाम गठबन्धनले बहुमत ल्यायो र केपी शर्मा ओलीको नेतृत्वमा सरकार पनि बन्यो। तर ओली नेतृत्वमा सरकारले ल्याएका चारवटा बजेटमा वाचा गरेभन्दा करिब आधा मात्रै बजेट विनियोजन हुनसक्यो।

अर्थमन्त्रीका रूपमा खतिवडाले आर्थिक वर्ष २०७५/७६ मा १० दशमलव २३, आव २०७६/७७ मा १० दशमलव ६४ र आव २०७७/७८ मा ११ दशमलव ६४ प्रतिशत बजेट शिक्षा क्षेत्रका लागि छुट्याउनु भएको थियो।

त्यसैगरी ओली नेतृत्वकै सरकारका तर्फबाट अर्थमन्त्री विष्णु पौडेलले आव २०७७/७८ मा १० दशमलव ९२ प्रतिशत र वर्तमान सरकारका अर्थमन्त्री जनार्दन शर्माले चालु आवमा १० दशमलव ९५ प्रतिशत मात्रै बजेट विनियोजन गर्नुभएको छ।

नेकपा (एमाले)ले चार वर्षअघि गरेको त्यो वाचा भने यसपटकको घोषणापत्रमा उल्लेख गरेको छैन। बरु २०७४ मा जस्तै माओवादी केन्द्रले भने त्यसलाई निरन्तरता दिएको छ। साथै, आसन्न निर्वाचनको घोषणापत्रमा नेपाली कांग्रेसले पनि शिक्षा क्षेत्रमा कूल सार्वजनिक खर्चको २० प्रतिशत पुर्‍याउने नीति लिइने उल्लेख गरेको छ।

यद्यपि विगतका इतिहास हेर्दा त्यो कार्यान्वयन हुनेमा भने विश्वास गर्न नसकिने विज्ञहरू बताउँछन्। शिक्षा क्षेत्रमा सबैभन्दा बढी बजेट आव २०६७/६८ मा एमालेका सुरेन्द्र पाण्डे अर्थमन्त्री भएका बेला १७ दशमलव १ प्रतिशत बजेट विनियोजन भएको थियो। त्यसयता लगातार ओरालो लागेको शिक्षाको बजेट २०७४/७५ मा नौ दशमलव ९१ प्रतिशतसम्म झरेको थियो।

शिक्षाविद् धनञ्जय शर्मा शिक्षामा पर्याप्त लगानी नहुँदासम्म घोषणापत्रमा भनिएजस्तो विकास गर्न नसकिने बताउनुहुन्छ। "राजनीतिक दलहरूले लामो समयदेखि शिक्षामा २० प्रतिशत बजेट छुट्याउने वाचा गर्दै आएका छन्, तर सो अनुसारको कार्यान्वयन भएको छैन", उहाँले भन्नुभयो, "आर्थिक अवस्था कमजोर हुँदासम्म शिक्षामा सुधार गर्न सकिन्न।"

त्यसो त आर्थिक पाटो सबल हुने बित्तिकै शिक्षामा सुधार हुने पनि होइन तर आर्थिक पक्ष बलियो भने हुनुपर्ने उहाँको भनाइ छ। "डाकर सम्मेलनमा नेपालले २० प्रतिशत बजेट शिक्षाका लागि छुट्याउने बाचा गर्‍यो, त्यसैलाई राजनीतिक दलले चुनावी एजेन्डा बनाए", उहाँले भन्नुभयो, "तर कार्यान्वयन भने राजनीतिक दलहरूको इच्छाशक्ति देखिएको छैन।"

**शिक्षामा किन आवश्यक हुन्छ लगानी ?**

एउटा प्रसिद्ध चिनियाँ भनाइ छ - यदि एक वर्षका लागि हो भने धान रोप, १० वर्षका लागि हो भने रुख रोप। तर तिमी सय वर्षका लागि हो भने शिक्षामा लगानी गर। यो प्रसिद्ध भनाइले शिक्षाको महत्व बुझाउँछ। तर राजनीतिक दलहरू भने शिक्षामा आमूल परिवर्तनलाई प्राथमिकतामा राखेको पाइँदैन। दलका घोषणापत्रमा गुणस्तरीय शिक्षा त भनिन्छ, तर त्यसलाई प्राप्त गर्ने प्रक्रियाका विषयमा न त उल्लेख गरिन्छ न त कार्यान्वयनका लागि पहल नै गरिन्छ।

निर्वाचनपछि बन्ने हरेक सरकारले सरकारी तथा सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्नका लागि कुनै पनि योजना बनाएको पाइँदैन। हरेक वर्ष सार्वजनिक हुने नीति तथा कार्यक्रममा शिक्षा क्षेत्रमा आमूल परिवर्तन गर्ने भनिन्छ तर त्यो कार्यान्वयन हुँदैन। विद्यालय तहको शिक्षा सुधार गर्नका लागि राजनीतिक दलहरूले विशेष प्राथमिकताका साथ मुद्दा बनाएको उदाहरण निकै कम भएको शिक्षाविद् डा विद्यानाथ कोइरालाको भनाइ छ।

"घोषणापत्रमा लेखिएका विषय कार्यान्वयन गर्न नसकिने खालका छैनन्", उहाँले भन्नुभयो, "तर नेतृत्वमा पुगिसकेपछि इच्छाशक्ति र कार्यान्वयनका लागि तत्परता नदेखिँदा समस्या समाधान हुन सकेको छैन", उहाँले भन्नुभयो। उहाँका अनुसार राजनीतिक दलमा लोकप्रियताका लागि लेख्ने तर कार्यान्वयनमा जोड नदिने प्रवृत्ति हाबी भएको बताउनुहुन्छ। "गुणस्तरीय शिक्षा र साक्षरताको रटान सबै राजनीतिक दलले लगाएकै छन्, तर त्यसको कार्यान्वयन कसरी गर्ने भन्नेमा कसैको ध्यान छैन", उहाँले भन्नुभयो, "स्थानीय, प्रदेश वा सङ्घ कुन तहले गर्ने हो यकिन भए काम गर्न गाह्रो पनि छैन।"

शिक्षाविद् शर्मा घोषणापत्र हेर्दा सबैका राम्रा भए पनि कार्यान्वयन नहुँदा विश्वास गर्ने आधार नभएको बताउनुहुन्छ। "अनिवार्य र निःशुल्क शिक्षाको नारा लामो समयदेखि लगाइँदै आएको छ तर त्यसको कार्यान्वयन नहुँदा घोषणापत्रमा लेखिएका विषयमा विश्वास लाग्न छाड्यो", उहाँले भन्नुभयो, "कार्यान्वयन नहुने हो भने जे लेखे पनि के फरक पर्छ ?"

**घोषणापत्रमा के छ ?**

अधिकांश राजनीतिक दलका घोषणापत्रमा गुणस्तरीय शिक्षा र कक्षा १२ सम्म अनिवार्य र निःशुल्क शिक्षामा जोड दिने विषय समेटिएका छ। जुन संविधान प्रदत्त अधिकार पनि हो। नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो घोषणापत्रमा गुणस्तरीय शिक्षाको महत्व उल्लेख गर्न छुटाएका छैनन्।

त्यसबाहेक रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी र माओवादी केन्द्रले विज्ञान, प्रविधि, इन्जिनियरिङ (स्टिम) एजुकेसनलाई जोड दिएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीले त सरकार जमानी बसी बिनाधितो शैक्षिक कर्जा उपलब्ध गराउने वाचा गरेको छ। विद्यार्थीले भविष्यमा कमाएर भुक्तान गर्ने गरी नेपालमै स्नातक र उच्च अध्ययन गर्नेका लागि बिनाधितो शैक्षिक कर्जा उपलब्ध गराउन आर्थिक संयन्त्रको स्थापना गर्ने घोषणापत्रमा उल्लेख छ।

**नेपाली कांग्रेस**

नेपाली कांग्रेसको घोषणापत्रमा सामुदायिक विद्यालयका शिक्षकलाई परिणाममुखी र उत्तरदायी तुल्याउने कार्यक्रम कार्यान्वयन, विद्यालयहरूमा पुस्तकालय, इन्टरनेट, प्रयोगशालाको प्रबन्ध गरिने उल्लेख छ। लोकतन्त्र, शान्ति, मानव अधिकार र अहिंसाजस्ता अवधारणालाई विद्यालयस्तरको शैक्षिक पाठ्यक्रममा समावेश गरिने पनि घोषणापत्रमा उल्लेख छ।

कांग्रेसले निजी क्षेत्रले मुलुकको विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न पुर्‍याएको योगदानको कदर र उच्च मूल्याङ्कन गर्दै निजी क्षेत्रको सुरक्षाको पूर्ण प्रत्याभूति गर्ने, निजी क्षेत्रलाई विपन्न तथा वञ्चितीकरणमा परेका वर्ग प्रति सामाजिक उत्तरदायित्व देखाउन उत्प्रेरित गर्ने उल्लेख छ।

विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने, प्रत्येक जिल्लामा रोजगारमूलक तथा स्वउद्यम प्रवर्द्धन गर्ने प्राविधिक शिक्षालयको व्यवस्था गरी प्रवेशिका परीक्षा उत्तीर्ण गर्न नसकेका युवालाई रोजगारमुखी प्राविधिक शिक्षा तथा तालिम दिइनेछ पनि घोषणापत्रमा समेटिएको छ।

प्राविधिक तथा व्यावसायिक तालिमलाई व्यापकता दिने, निजी क्षेत्रलाई रोजगारमुखी प्राविधिक शिक्षालय खोल्न प्रोत्साहन गर्ने र अति दुर्गम क्षेत्रमा समुदायिक विद्यालयहरूलाई आवासीय विद्यालयका रूपमा रुपान्तरण गर्ने पनि घोषणापत्रमा उल्लेख छ।

उच्च-माध्यमिक तहसम्म कुनै पनि विद्यार्थीलाई राजनीतिक सङ्गठनको सदस्यता प्रदान नगर्न आवश्यक कदम अगाडि बढाइनेछ। स्नातक उत्तीर्ण गरेका विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्रका आधारमा शैक्षिक ऋण उपलब्ध गराइने, सबै प्रदेशमा कम्तीमा एउटा विश्वविद्यालय प्राविधिक, सामुदायिक तथा निजी क्षेत्रमा विश्वविद्यालय स्थापना सहज तुल्याउन विश्वविद्यालयसम्बन्धी छाता ऐन ल्याइने पनि उल्लेख छ। उच्च शिक्षा अध्ययनमा रहिआएको शिक्षण र परीक्षण विधिको सैद्धान्तिक बर्चस्वलाई न्यूनीकरण गर्दै ६० प्रतिशत सैद्धान्तिक र ४० प्रतिशत प्रयोगात्मक मूल्याङ्कन विधि अवलम्बन गरिनेछ।

**नेकपा (एमाले)**

नेकपा एमालेले अघिल्लो निर्वाचनमा जस्तै यस निर्वाचनमा पनि दुई वर्षभित्र दुई वर्षभित्र विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना सुनिश्चित गर्ने वाचा गरेको छ। एमालेले वैज्ञानिक, प्राविधिक र व्यावसायिक शिक्षाको हिस्सा ७० प्रतिशत पुर्‍याउने वाचा गत निर्वाचनमा जस्तै यसपटक पनि दोहोर्‍याएको छ।

शिक्षण पेसालाई मर्यादित बनाइने र अतिरिक्त आम्दानीका लागि भौँतारिनुपर्ने अवस्था अन्त्य गरी शिक्षकलाई सम्मानजनक जीवन जिउन पुग्ने तलब सुविधा उपलब्ध गराउने एमालेले घोषणापत्रमा उल्लेख गरेको छ। माध्यमिक शिक्षालाई उत्पादनसँग जोड्नै जीवनोपयोगी तुल्याउन प्रत्येक पालिकामा प्राविधिक मावि स्थापना र तिनलाई गुणस्तरीय रूपमा सञ्चालन गर्न सङ्घ र प्रदेशबाट सहकार्य गरिने उल्लेख छ। देशका लागि आवश्यक जनशक्तिको विधागत तथा विषयगत माग र आपूर्तिको तुलनात्मक विश्लेषणका आधारमा राष्ट्रिय जनशक्ति प्रोफाइल तयार गरिने उल्लेख छ।

**नेकपा (माओवादी केन्द्र)**

नेकपा (माओवादी केन्द्र)ले २०७४ सालमा जस्तै यसपटक पनि शिक्षामा २० प्रतिशत बजेट छुट्याउने भनेको छ भने छ महिनाभित्र सङ्घीय शिक्षा ऐन जारी गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ।

माओवादी केन्द्रले प्रत्येक प्रदेशमा कम्तीमा एउटा प्रादेशिक विश्वविद्यालय स्थापना, प्रत्येक जिल्लामा त्रिभुवन विश्वविद्यालयको कम्तीमा एउटा आंगिक क्याम्पस स्थापनाका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

साथै, राज्यले सञ्चालन गर्ने विश्वविद्यालयलाई सङ्घीय संरचना अनुरुप हुने गरी पुनर्संरचना, लामो समयदेखि अध्यापन गराइरहेका एक लाखभन्दा बढी राहत, करार लगायतका शिक्षक तथा प्राध्यापकलाई विशेष कानुनी व्यवस्था गरी स्थायी गरिने उल्लेख गरेको छ।

लामो समयदेखि आंशिक प्राध्यापकका रूपमा कार्यरत प्राध्यापकहरूलाई करार तथा स्थायी गराउने प्रक्रिया अगाडि बढाइनेछ। शैक्षिक क्षेत्रमा बन्दहडताललाई निरुत्साहित गरिने, विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीहरूको नियुक्त योग्यता र क्षमताका आधारमा गरिने र श्रम बजारको माग, विज्ञापन प्रविधिका क्षेत्रको जनशक्ति र देशको आवश्यकतालाई ध्यानमा राख्दै २० वर्षे जनशक्ति प्रक्षेपण गरी सोही अनुसारको शिक्षामा जोड दिइने घोषणा पत्रमा उल्लेख छ।

शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिनाअघि नै अनिवार्यरूपमा पुस्तक सम्बन्धित सबै शैक्षिक संस्थामा पुग्ने व्यवस्था मिलाइने दाबी पनि माओवादी केन्द्रको प्रतिबद्धतापत्रमा उल्लेख छ। शिक्षा क्षेत्रको बृहत् गुरुयोजना तयार पारी आमूल परिवर्तनको प्रत्याभूति दिइनाका साथै कक्षा १२ पास गरेको कुनै पनि विद्यार्थी बेरोजगार बन्न नपर्ने गरी सैद्धान्तिक एवं व्यावहारिक पक्षबीच सन्तुलन हुने गरी पाठ्यक्रममा आमूल परिवर्तन गरिने प्रतिबद्धता पत्रमा दाबी गरिएको छ।

**नेकपा (एकीकृत समाजवादी)**

नेकपा (एमाले)बाट विभाजन भई बनेको नेकपा (एकीकृत समाजवादी)ले पनि २० प्रतिशत बजेटको विषयलाई समेटेको छैन। माधवकुमार नेपाल नेतृत्वको यस पार्टीले प्रत्येक पालिकामा एउटा प्राविधिक शिक्षालय सुरु गरी प्राविधिक शिक्षामा जोड दिने भनेको छ।

विद्यावारिधि गर्न चाहने शोधार्थीलाई एक पटकका लागि एकमुष्ट रु दुई लाख छात्रवृत्ति र कृषि, स्वास्थ्य, प्राविधिमा उच्च शिक्षा हासिल गर्नका लागि स्थानीय सरकारले छात्रवृत्ति र सहयोग गर्ने उल्लेख गरेको छ। माध्यमिक तहको शिक्षा पूरा गरेको विद्यार्थीलाई सिक्दै र कमाउँदै (लर्न एन्ड अर्न) प्रणालीलाई पढ्दै, सिक्दै र पढाइ खर्चका लागि कमाउँदै गर्ने कार्यक्रम सुरु गर्नेसमेत घोषणा गरेको छ।

**आवधिक योजनाले के भन्छ ?**

हाल १५औं आवधिक योजना चलिरहेको छ। २०७५/७६ देखि सुरु भएको चालु आवधिक योजना २०८०/८१ मा सम्म कार्यान्वयन गरिने यस योजनामा अबको एक वर्षभित्र साक्षरता दर ९५ प्रतिशत, युवा साक्षरता दर ९९ प्रतिशत, आधारभूत तह (१-८) खुद भर्नादर ९१ प्रतिशत, माध्यमिक तह (९-१२) खुद भर्नादर १५ प्रतिशत र उच्च शिक्षाको कूल भर्ना दर खुद भर्नादर सय प्रतिशत पुर्‍याउनु पर्नेछ।

त्यति मात्रै होइन, निजी लगानीका विद्यालयको नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रुपान्तरण गर्नुपर्नेछ। साथै, उच्च शिक्षा प्रदायक संस्थालाई प्रविधियुक्त सिकाइको केन्द्रका रूपमा विकास गर्दै गुणस्तर सुनिश्चित एवं प्रत्ययन प्रणाली सबल र अनिवार्य बनाउने, अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइलाई आयमूलक कार्यक्रमसँग आबद्ध गर्नेलगायतका १४ वटा रणनीति हामीले हासिल गर्नुपर्ने हुन्छ।

***जयनगर-कुर्था ...***

१ गते बिहीबारदेखि मङ्सिर ४ गते आइतबारसम्म रेल सेवा बन्द रहने नेपाल रेल्वे कम्पनि लिमिटेडले जनाएको छ।

निर्वाचनलाई लक्षित गरी ७२ घण्टा अघिदेखि भारतीय सिमानाका बन्द हुने भएकाले रेल सेवासमेत बन्द गरिएको नेपाल रेल्वे कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक निरञ्जनकुमार झाले जानकारी दिनुभयो।

मङ्सिर ५ गते सोमबारदेखि रेल सेवा नियमित रूपमा सञ्चालन हुने उहाँले बताउनुभयो। जयनगरदेखि महोत्तरीको बर्दिबाससम्म ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर रेलमार्गमा गत २०७८ साल चैत २० गतेदेखि नियमित रेल सेवा सञ्चालन भइरहेको छ।

यस्तै जिल्ला प्रशासन कार्यालय धनुषाले पनि मङ्सिर १ देखि ५ गतेसम्म शान्तिसुरक्षाबाहेक सबै सेवा बन्द रहने जनाएको छ। धनुषाका सहायक प्रजिअ अनुज भण्डारीले सूचना जारी गरी कार्यालयका अधिकांश कर्मचारी निर्वाचनमा खटिनुपर्ने भएकाले शान्तिसुरक्षाबाहेक सबै सेवा बन्द गरिने जानकारी दिनुभयो।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# चुनावमा उपभोक्ता बजार : मूल्य बढ्यो, खपत बढेन

काठमाडौँ, ३० कात्तिक (रासस)। यसवर्ष दसैं, तिहारलगायतका ठूला चाडवाड सकिने वित्तिकै चुनावी माहोल सुरु भयो। चाडवाडका बेला व्यापारमा उत्साह देखिन्छ। त्यसमाथि चुनावका बेला उपभोक्ता बजार गुल्जार हुनपर्ने हो। तर बजारमा खासै उत्साह नदेखिएको व्यवसायीले बताएका छन्। चर्को मूल्यवृद्धिको मारले अहिले खपतमा बढ्न नसकेको उनीहरूको भनाइ छ।

अहिले खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुमा अधिक मूल्यवृद्धि देखिएको तर खपत भने नबढेको खुद्रा व्यापार सङ्घका अध्यक्ष पवित्र बज्राचार्य बताउनुहुन्छ। व्यापारीले विभिन्न समयमा विभिन्न बहानामा खाद्य तथा दैनिक उपभोग्य वस्तुको मूल्य बढाउने तर घट्ने बेलामा भने नघटाउने गरेको उहाँको बुझाइ छ। पछिल्लो समय खानेतेल, चामल, मैदालगायत खाद्यान्न वस्तुमा धेरै मूल्यवृद्धि भएको छ।

"खाने तेल प्रतिलिटर रु ३५ देखि ४० सम्म बढेको छ। मैदा पनि प्रतिकेजी रु १५ सम्म बढेको छ। भारतले निर्यातमा कडाइ गरेपछि चामलको मूल्य बोरामै दुईदेखि तीन सयसम्म बढे पनि अहिले अवस्था सहज हुँदा घटेको छैन", उहाँले भन्नुभयो।

कोरोना महामारी, रुस-युक्रेन युद्धलगायतका विषम परिस्थितिका बेला भएको मूल्यवृद्धि अहिले अवस्था सामान्य भइसक्दा पनि घट्न नसकेको उहाँको भनाइ छ। यसरी सामान्य अवस्थामा पनि मूल्यवृद्धि हुनुमा नियामक निकाय कमजोर भएको बज्राचार्य बताउनुहुन्छ।

"चुनाव लागेपछि बजारमा सरकारको उपस्थिति हुँदैन। नियामक निकाय कमजोर हुन्छन्," बज्राचार्य भन्नुहुन्छ, "मूल्य बढ्नुमा अर्को शङ्का के पनि छ भने, राजनीतिक दल र चुनावमा उठेका उम्मेदवारलाई चन्दा दिनुपर्ने भएपछि त्यसको बदलामा व्यवसायीले उपभोग्य सामग्रीको मूल्यवृद्धि गरे।"

मूल्यवृद्धि भएपछि उपभोक्ताको क्रयशक्ति कम हुन्छ। कोभिड महामारी, रुस-युक्रेन युद्ध, अमेरिकी डलरको भाउ वृद्धिलगायतका विभिन्न कारण देखाउँदै व्यापारीले उपभोग्य सामग्रीमा मूल्य बढाएका थिए। तर अहिले आपूर्ति शृङ्खला सामान्य अवस्थामा रहँदा पनि मूल्यवृद्धि कायमै छ। विभिन्न कारण देखाएर मूल्यवृद्धि गर्ने व्यापारीले अवस्था सामान्य भएको अवस्थामा भने मूल्य घटाउँदैनन्।

खुद्रा व्यापार सङ्घको खाद्यान्न मूल्यसूची अनुसार पछिल्लो एकवर्ष अवधिमा खानेतेलको मूल्यमा दोब्बरको वृद्धि देखिएको छ। यो अवधिमा भुटेको तोरीको तेल प्रतिलिटर रु दुई सय २० बाट बढेर तीन सय ५०, काँचो तोरीको तेल प्रतिलिटर रु एक सय ४० बाट दुई सय ४०, भटमास तेल प्रतिलिटर रु एक सय १५ बाट दुई सय ३०, सूर्यमुखी तेल प्रतिलिटर रु एक सय २५ बाट दुई सय ४० सम्म पुगेको छ।


त्यसैगरी चामलमा प्रतिकिलो रु १० देखि २०, मास दात प्रतिकिलो रु ३०, मुसुर दाल प्रतिकिलो रु ५०, मुग दाल प्रतिकिलो रु ४०, रहर दाल प्रतिकिलो रु ७० सम्म बढेको छ। त्यसैगरी, भटमासमा प्रतिकिलो रु ४० देखि ५०, केराउ प्रतिकिलो रु ६० देखि ७०, सिमी प्रतिकिलो रु २० देखि ३० सम्म मूल्य बढेको छ। कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका अनुसार अहिले तरकारीको मूल्य र खपत दुवैको अवस्था स्वभाविक छ।

हाल बर्खायाममा फल्ने तरकारी र फलफूलको मौसम सकिएर हिउँदे तरकारी तथा फलफूलको मौसम सुरु भएकाले सोहिअनुसार आपूर्ति भइरहेको समितिका सूचना अधिकारी विनय श्रेष्ठले बताउनुभयो। "कालीमाटीमा दैनिक औसत ८ सय मेट्रिक टन तरकारी र फलफूल आउने गरेको छ। अहिले पनि त्यही अनुपातमै आइरहेको छ। बजार माग बढेको वा बढी सामान आएको भन्ने अवस्था अहिले छैन", श्रेष्ठले भन्नुभयो। समितिको विवरणअनुसार मङ्गलबार सात लाख ५२ हजार चार सय ४२ किलो तरकारी र फलफूल आएको छ।

त्यस्तै, सोमबार ८ लाख २७ हजार नौ सय ९६ किलो र आइतबार पाँच लाख ८९ हजार चार सय ४८ किलो फलफूल र तरकारी कालीमाटीमा आएको देखिन्छ। सरकारले चालु आर्थिक वर्षमा मूल्यवृद्धि ७ प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य लिएको छ। चालु आर्थिक वर्ष २०७९/८० को पहिलो त्रैमासिक अवधिमा मूल्यवृद्धि आठ दशमलव ५० प्रतिशत पुगेको छ। नेपाल राष्ट्र बैंकका अनुसारअसोज महिनासम्ममा वार्षिक बिन्दुगत उपभोक्ता मूल्यवृद्धि आठ दशमलव ५० प्रतिशत पुगेको हो।

राष्ट्र बैंकका अनुसार तराई क्षेत्रमा मूल्यवृद्धि चर्को छ। पहिलो त्रैमासिक विवरणअनुसार काठमाडौँ उपत्यकामा छ दशमलव ९३ प्रतिशत, तराईमा नौ ४२ प्रतिशत, पहाडमा आठ दशमलव ८४ प्रतिशत र हिमालमा सात दशमलव ०७ प्रतिशत महँगी बढेको छ। यो अवधिसम्ममा खाद्य तथा पेय पदार्थको मुद्रास्फीति आठ दशमलव ०५ प्रतिशत र गैर-खाद्य तथा सेवा क्षेत्रको मुद्रास्फीति आठ दशमलव ८५ प्रतिशत रहेको छ। त्यस्तै, रेष्टुराँ तथा होटल क्षेत्रको वार्षिक बिन्दुगत मुद्रास्फीति १५ दशमलव ९१ प्रतिशत, फलफूलको १२ दशमलव ०६ प्रतिशत, मदिराजन्य पेय पदाथको १० दशमलव २४ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको नौ दशमलव ४५ प्रतिशत र सुर्तीजन्य पदार्थको आठ दशमलव ४४ प्रतिशत रहेको छ।

सेवा समूह अन्तर्गत यातायात क्षेत्रको मुद्रास्फीति २१ दशमलव १५ प्रतिशत, स्वास्थ्य क्षेत्रको १० दशमलव ५४ प्रतिशत, फर्निसिङ्ग तथा घरायसी उपकरणहरूको नौ दशमलव ४५ प्रतिशत र शिक्षाको आठ दशमलव ११ प्रतिशत छ। राष्ट्र बैंकका अनुसार असोज महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १३ दशमलव ७३ प्रतिशत रहेको छ।



नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज
सप्तरी

चलानी नं. :
पत्र संख्या : ०६९|०८०
प्राप्त पत्र संख्या र मितिः
मितिः २०६९|६|३०

विषय : ...३५... दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना ।

रामचन्द्र प्रसाद सिंह दर्ता रहेको साविक ...परेवी... मौजा रैन........हाल तपसिल बमोजिम नापी भएको जग्गा ...नामसारी... गरी प्रमाण पुर्जा पाउ भन्ने [illegible] वडा नं. ...... बस्ने श्री ...अरुण कुमार सिंह... को द नं. २०४४६ मिति ०६९|१|१४ मा निवेदन परी [illegible] सार्वजनिक सूचना प्रकाशित गर्ने मिति ०६९|६|३० मा आदेश भए अनुरुप यो ...३५... दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ...३५... दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नु होला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम ...नामसारी... गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरो दावी नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| गा.वि.स./न.पा. | वाई नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| परेवी | ६५ | २८३ | ०-११-०½ | रामचन्द्र प्रसाद सिंह | [illegible] |
| " | " | ६९ | ०-२-०½ | " | बिलरौनिया देवी |
| " | " | १४३ | ०-४-३½ | " | [illegible] |
| " | " | १४८ | ०-१-११ | " | " |
| " | " | १४५ | ०-१-१४ | " | " |
| " | " | १६० | ०-४-११½ | " | |
| " | " | ५६ | ०-६-६½ | " | बिलरौनिया देवी |
| " | " | १६ | ०-३-४ | " | [illegible] |
| " | " | २४ | ०-३-११½ | " | [illegible] |
| " | " | ३४ | ०-६-११½ | " | [illegible] |
| " | " | १४१ | ०-०-१४½ | " | [illegible] |

## १० म्यादी ...

गरिएको हो।"

प्रवक्ता राईका अनुसार कारवाही पर्नेमा प्रदेश नं १ मा ४८, काठमाडौं उपत्यकामा एक र बागमती प्रदेशमा पाँच रहेका छन्।

त्यसैगरी गण्डकी प्रदेशमा २४, लुम्बिनी प्रदेशमा चार, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिममा सात छन्। काठमाडौं उपत्यका सहित सात प्रदेशमा एक लाख १५ हजार म्यादी प्रहरीको कोटा रहेकामा हाल एक लाख १४ हजार आठ सय ७७ उपस्थित भएका छन्। यसमा पुरुष ८४ हजार दुई सय ४८ र महिला ३० हजार छ सय २९ छन्।

# विश्व समाचार

## इरानले यमन पठाएको सत्तरी टन मिसाइल इन्धन अमेरिकी सेनाको कब्जामा

दुवई, ३० कात्तिक (रासस/एपी)।

इरानले यमन पठाएको सत्तरी टन 'मिसाइल' इन्धन अमेरिकी सेनाले आफ्नो नियन्त्रणमा दिएको छ।

इरानबाट यमन जाने पानीजहाजमा मलका झोलामा लुकाइएको ७० टन मिसाइल इन्धन अमेरिकी नौसेनाले मङ्गलबार नियन्त्रणमा लिएको बताएको छ।

यमनमा युद्धविराम भङ्गभएपछि अवैधरूपमा पठाइएको उक्त इन्धन पहिलोपटक जफत भएको हो। अमेरिकी सेनाले जफत गरेको इन्धनले एक दर्जनभन्दा बढी मध्यम दूरीका ब्यालिस्टिक क्षेप्यास्त्र सञ्चालन गर्न सकिन्छ।

यमनका इरान समर्थित हुथी विद्रोहीले देशको अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकार र साउदी नेतृत्वको गठबन्धन सेनालाई आक्रमण गर्न प्रयोग गरेका हतियारमा बरामद इन्धन उपयोग गरिएका अमेरिकी नौसेनाले बताएको छ।

विष्फोटक पदार्थसमेत बनाउन मिल्ने मल र मिसाइल इन्धनको ढुवानी गम्भीर चिन्ताको विषय नौसेनाका प्रवक्ता टिमोथी हकिन्सले इरानबाट यमनमा भएको हतियारको अवैध ढुवानीले अस्थिरता र हिंसा निम्त्याएको बताएका छन्।

साउदी अरब, संयुक्त राज्य अमेरिका र अन्य राष्ट्रहरूलाई इस्लामिक गणतन्त्रको धर्मतन्त्रलाई परास्त गर्न आह्वान गर्दै महिनौँदेखिको विरोधप्रदर्शनमा उत्रिएका इरानी जनतालाई उत्तेजित पारेको आरोप लगाएको इरानको गोप्य इन्धन निकासी सार्वजनिक भएको छ। विरोधप्रदर्शन दबाउन तेहरानले गरेको कारबाहीमा तीन सय ४४ जना मारिएका छन् भने १५ हजार आठ सय २० जना पक्राउ परेका छन्।

कूटनीतिक प्रयासको असफलतासँगै छ महिनाका निम्ति गरिएको युद्धविरामको अवधि गत महिना समाप्त भएपछि यमनमा द्वन्द्व बढेको छ। यमन युद्धका कारण १४ हजार पाँच सय सर्वसाधारणसहित एक लाख ५० हजार जनाको ज्यान गएको छ। युद्धविरामको अन्त्य भएसँगै देशका विभिन्न भागमा विद्रोहीले आक्रमण जारी राखेका छन्।

सन् २०१४ मा संयुक्त राष्ट्रसङ्घले हुथी समूहलाई हतियार हस्तान्तरणमा प्रतिबन्ध लगाएको भए पनि इरानले समुद्रीमार्गबाट उक्त समूहलाई हतियार निर्यात गर्दै आएको छ।

## भारतका स्वास्थ्य पूर्वाधारम लगानी बढाउँदै अमेरिका

वासिङटन, ३० कात्तिक (रासस/एएनआई)।

संयुक्त राज्य अमेरिकाले भारतका स्वास्थ्य पूर्वाधारमा एक करोड ५० लाख डलरभन्दा बढी लगानी गर्ने भएको छ। सङ्घीय सरकारको सहायता निकाय ग्लोबल इन्फ्रास्ट्रक्चर एण्ड इन्भेष्टमेन्टले भारतसँगको साझेदारी बढाउन स्वास्थ्य क्षेत्रमा लगानी गर्न लागेको ह्वाइट हाउसले जनाएको छ।

इन्टरनेशनल डेभलपमेन्ट फाइनान्स कर्पोरेशनले भारतमा सेवा नपुगेका स्थानमा नेत्रपरीक्षण केन्द्र, शल्यक्रिया, सामाजिक उद्यम, महिला उद्यमशीलता विकास तथा महिलाले उत्पादन गरेका सरसफाइका सामग्रीको प्रवर्द्धनमा लगानी गरिने ह्वाइट हाउसले बताएको छ।

अमेरिका, इण्डोनेसिया र युरोपेली सङ्घका नेताले इण्डोनेसियाको बालीमा जारी विश्वका प्रमुख विकसित एवम् उदीयमान अर्थतन्त्रहरूलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी ट्वेन्टीको शिखर बैठकमा विश्वव्यापीरूपमा निम्न र मध्यम आय भउका देशमा गुणस्तरीय पूर्वाधारमा लगानी बढाउनुपर्ने तथा विश्वअर्थतन्त्रलाई पुनः गतिशील एवम् सुदृढ तुल्याउनुपर्नेमा जोड दिएका छन्।

शिखर सम्मेलनका क्रममा अमेरिकी राष्ट्रपति जो बिडेन, इण्डोनेसियाका राष्ट्रपति जोको विडोडो, र युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेयर लेनले अर्जेन्टिना, क्यानडा, फ्रान्स, जर्मनी, भारत, जापान, गणतन्त्र कोरिया, सेनेगल र संयुक्त अधिराज्यका मन्त्री तथा नेतासँग बेग्लाबेग्लै भेटेर साझा चासोका विश्वव्यापी मुद्दाका साथै पूर्वाधार निर्माणमा लगानी बढाउनेबारेमा विचारविमर्श गर्नुभएको थियो। ग्लोबल इन्फ्रास्ट्रक्चर एण्ड इन्भेष्टमेन्टमार्फत लगानी गर्नेबारेमा पनि उहाँहरूबीच छलफल भएको थियो।

## भारतलाई जी ट्वेन्टीको अध्यक्षता हस्तान्तरण

बाली, ३० कात्तिक (रासस/एएनआई)।

समूह बीसका नामले परिचित विश्वका प्रमुख विकसित एवम् उदीयमान अर्थतन्त्रहरूलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी ट्वेन्टीको सत्रौँ शिखर सम्मेलनले समूहको अध्यक्षता भारतलाई हस्तान्तरण गरेको छ।

समूहका अध्यक्ष एवम् इण्डोनेसियाका राष्ट्रपति जोको विडोडोले बुधबार यहाँ शिखर बैठक समापन समारोहमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई औपचारिकरूपमा समूहको अध्यक्षता हस्तान्तरण गर्नुभएको हो।

जी ट्वेन्टीको अध्यक्षता सम्हाल्नु भारत र हरेक भारतीय नागरिकका निम्ति गर्वको विषय भएको बताउँदै अठारौँ शिखर सम्मेलन भारतका विभिन्न शहरमा आयोजना गरिने तथा समूहलाई परिवर्तनको संवाहक बनाउन उत्प्रेरक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

समूहको अध्यक्षता पाएको भारतले त्यसलाई समावेशी, महत्वाकांक्षी, निर्णायक एवम् कार्यउन्मुख बनाउने दृढता उहाँले व्यक्त गर्नुभयो। त्यसअघि उहाँले 'डिजिटल' रूपान्तरणबारे मन्तव्य व्यक्त गर्नुभएको थियो।

# निर्वाचनमा खटिने पर्यवेक्षकलाई नियोकको तालिम



**दैनिक समाचारदाता**
**राजविराज, ३० कात्तिक ।**
निर्वाचन आयोगले तोकेको निर्वाचन आचारसंहिता भित्र रहेर सबैले काम गर्नुपर्नेमा एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।

बुधबार राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) सप्तरीले आयोजना गरेको "प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ पर्यवेक्षकलागि अभिमुखीकरण" कार्यक्रमका सहभागि वक्ताहरुले यस्तो जोड दिएका हुन् ।

कार्यक्रमकी प्रमुख अतिथि मधेशी आयोगकी सदस्य आभासेतु सिंहले निर्वाचन आचारसंहिताको भित्र रहेर सबैले काम गर्नुपर्नेमा जोड दिँदै निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा चुनाव सम्पन्न भए मात्र देशले सही प्रतिनिधि पाउने बताइन् ।

मधेशी आयोगका अर्का सदस्य जिवछ साहले निर्वाचन पर्यवेक्षणमा खटिने प्रतिनिधिले कसैको पक्ष विपक्षमा नलागेर मतदान स्थलमा देखिने यर्थात अवस्थालाई समेटेर माथिल्लो निकायमा सत्यतथ्य रिपोटिङ गर्नुपर्नेमा जोड दिए ।

सप्तरीका मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन राजनीतिक दलका साथै सबै सरोकारवालाहरु जिम्मेवार बन्नु पर्नेमा जोड दिए । उनले निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवालाको भूमिका उत्तिकै महत्वपूर्ण रहेकाले आ-आफ्नो क्षेत्रबाट सहयोगका लागि अपील समेत गरे ।

नियोक सप्तरीका संयोजक जंगबहादुर सिंहको अध्यक्षतामा आयोजित कार्यक्रममा आदिवासी जनजाती आयोगका अध्यक्ष रामबहादुर थापा मगर, समावेशी आयोगका सदस्य विष्णु ओझा, राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य लिला थापा, प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, प्रहरी उपरिक्षक अविनारायण काफ्ले लगायतले पनि निर्वाचन आचारसहिंताको प्रभावकारी कार्यान्वयनका लागि अपनाउनु पर्ने बिधि बारे आ-आफ्नो धारणा राखेका थिए ।

अभिमूखी कार्यक्रममा निर्वाचनमा खटिने नियोकका सप्तरी जिल्ला पर्यवेक्षकहरुलाई अनिल पोखरेल र ललिता चौधरीले तालिम प्रदान गरिरहेको संस्थाले जनाएको छ ।

# निर्वाचन पर्यवेक्षणमा दुई विदेशीसहित ४६ संस्था खटिँदै

काठमाडौँ, ३० कात्तिक (रासस) ।
प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि दुई विदेशीसहित ४६ संस्था पर्यवेक्षणमा खटिने भएका छन् । त्यस्तै विभिन्न छ देशका निर्वाचन आयोगका प्रतिनिधि पनि निर्वाचन पर्यवेक्षणका लागि नेपाल आउन लागेको निर्वाचन आयोगले जनाएको छ ।

"हामीले मान्यता दिएका संस्थामध्ये दुई संस्था एसियन नेटवर्क फर फ्री इलेक्सन र सिभिक च्याम्बर अफ रसियन फेडेरेसन मात्रै पर्यवेक्षणमा सहभागी हुन लागेका छन् । नेपालभित्रका भने ४४ संस्थाले पर्यवेक्षणको अनुमति पाएका छन्", निर्वाचन आयोगका उपसचिव कमल भट्टराईले भन्नुभयो, "त्यसैगरी, भारत, बङ्गलादेश, भूटान, माल्दिभ्स, श्रीलङ्का र दक्षिण कोरियाको निर्वाचन आयोगका पदाधिकारी पनि पर्यवेक्षणका लागि नेपाल आउँदै हुनुहुन्छ ।"

निर्वाचन आयोगका अनुसार भारतका प्रमुख निर्वाचन आयुक्त राजीव कुमारसहितको प्रतिनिधिमण्डल नेपाल आउँदै हुनुहुन्छ । त्यस्तै बङ्गलादेशका प्रमुख निर्वाचन आयुक्त काजी हबिबुल अवाल, भूटानका प्रमुख निर्वाचन आयुक्त सोनम तोप्गे र माल्दिभ्सका निर्वाचन आयोगका अध्यक्ष फुवाद थोफिकको नेतृत्वमा पदाधिकारी नेपाल आउँदै हुनुहुन्छ । श्रीलङ्काबाट दुई निर्वाचन आयुक्त एमएम मोहम्मद र एसबी देवरत्ने तथा दक्षिण कोरियाबाट इलेक्सन कमिस्नर किम चाङ-बोसहितको टोली नेपाल आउन लागेको पनि आयोगले जनाएको छ । उहाँहरू काठमाडौँ उपत्यकालगायत नजिकका जिल्लामा पर्यवेक्षणका लागि जानुहुनेछ ।

त्यस्तै नेपालस्थित विदेशी कूटनीतिक नियोगका प्रतिनिधि र विशिष्ट व्यक्ति पनि चुनावी पर्यवेक्षणमा खटिनेछन् । "मतदानको दिन कूटनीतिक मिसनका प्रतिनिधिले अवलोकन गर्नुहुन्छ । ख्यातिप्राप्त, अनुभवी र विशिष्ट व्यक्तिलाई पनि आयोगले पर्यवेक्षणका लागि बोलाउन सक्छ", उपसचिव भट्टराईले भन्नुभयो ।

निर्वाचन आयोग ऐनको दफा ६ ले कुनै स्वदेशी तथा विदेशी व्यक्ति वा संस्थालाई निर्वाचनसँग सम्बन्धित काम कारबाहीको पर्यवेक्षण गर्न दिन सकिने व्यवस्था गरेको छ । त्यसका लागि निर्वाचन आयोगले अनुमति दिन्छ । पर्यवेक्षणमा खटिने व्यक्ति तथा संस्थाले निर्वाचनको वैधता, स्वतन्त्रता, निष्पक्षता, तटस्थता, समानता लगायतका विषय हेर्छन् ।

त्यस्तै निर्वाचनका क्रममा राजनीतिक दलहरूका गतिविधि, आचारसंहिताको पालना, सुरक्षा तथा राजनीतिक हिंसा, निर्वाचन स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित र भयरहित रूपमा सञ्चालन भए/नभएको बारेको अध्ययन पनि पर्यवेक्षक संस्थाले गर्छन् । यद्यपि पर्यवेक्षणका लागि खटिएका संस्था वा व्यक्तिले समेत आचारसंहिता उल्लङ्घन गर्न सक्ने र त्यस्तो गरेको पाइएमा कारबाही गरिने आयोगका उपसचिव भट्टराईले बताउनुभयो ।

पर्यवेक्षक संस्था र व्यक्तिका लागि छुट्टै आचारसंहिता तोकिएको छ । निर्वाचन आचार संहिता २०७९ को परिच्छेद ६ मा पर्यवेक्षण गर्ने संस्था तथा पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण समेटिएको छ । पर्यवेक्षण अनुमति पाएका संस्थाले पर्यवेक्षण कार्य समाप्त भएको तीन दिनभित्रमा त्यसको प्रतिवेदन निर्वाचन आयोगसमक्ष बुझाइसक्नुपर्ने व्यवस्था रहेको छ । त्यस्ता संस्थाले निर्वाचनका क्रममा गरेको आयव्ययको विवरण पनि तीस दिनभित्रमा आयोगलाई बुझाइसक्नुपर्छ ।

त्यस्तै पर्यवेक्षकले आयोगले अनुमति दिएका क्षेत्रमा मात्रै पर्यवेक्षण गर्न पाउँछन् । सुरक्षा संवेदनशील क्षेत्रमा पर्यवेक्षण गर्न पाइँदैन । पर्यवेक्षकले आफ्नो स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको पालिकाको वडामा पर्यवेक्षणका लागि खटाउन नपाउने व्यवस्था रहेको छ ।

# राखेपका सदस्यसचिव गुरुङलाई स्पष्टीकरण

काठमाडौँ, ३० कात्तिक (रासस) ।
निर्वाचन आयोगले राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङलाई नेकपा ( माओवादी केन्द्र) को प्रचारप्रसारमा संलग्न रहेको विषयमा स्पष्टीकरण सोधेको छ । सदस्यसचिव घिसिङले रामेछाप जिल्लामा सो दलको प्रचारप्रसारमा संलग्न रहेको विषयमा उजुरी परेपछि आयोगले २४ घण्टाभित्र निर्वाचन आयोगमा प्राप्त हुने गरी लिखित स्पष्टीकरण पेस गर्न पत्र पठाएको हो ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ७ को खण्ड (क) अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहअन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न हुँदैन ।
घिसिङलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिम जरिवाना र ऐनको दफा ४४ बमोजिम विभागीय कारबाही हुन सक्ने भएकाले उक्त कारबाही किन हुनु नपर्ने हो ? भनी स्पष्टीकरण सोधिएको छ ।

# तीन महिनामा दुई खर्ब ८१ अर्ब विप्रेषण भित्रियो

काठमाडौँ, ३० कात्तिक (रासस) ।
गतवर्षको तुलनामा चालु आर्थिक वर्षको तीन महिनामा विप्रेपण आप्रवाहमा १७ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा दुई खर्ब ८१ अर्ब पाँच करोड विप्रेषण भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ७.१ प्रतिशतले घटेको छ । अमेरिकी डलरमा आप्रवाह ७.९ प्रतिशतले वृद्धि भई रु दुई अर्ब १९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ७.१ प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागिअन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या १२३.१ प्रतिशतले वृद्धि भएको छ । सो अवधिमा एक लाख ४७ हजार नौ सय ३२ जनाले श्रम स्वीकृति लिएका छन् ।

वैदेशिक रोजगारीका लागि पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ६६.२ प्रतिशतले वृद्धि भएको छ । सो अवधिमा ५७ हजार आठ सय ६१ जनाले पुन: श्रम स्वीकृति लिएका छन् । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २१९.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद ट्रान्सफर १७.१ प्रतिशतले वृद्धि भई रु तीन खर्ब १० अर्ब ४० करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ७.६ प्रतिशतले घटेको थियो ।

## *लोसपाका उम्मेदवार ...*

अधिकृतले बुझी मतदान केन्द्रमा पुऱ्याउने प्रक्रियामा रहेको र प्राविधिक तथा व्यवस्थापकीय दृष्टिले अर्को मतपत्र डिजाइन तथा छपाइ गरी मतदान अगावै सबै मतदान केन्द्रमा मतपत्र पुऱ्याउन समयाभावको कारणले असम्भव भएको हुँदा निज मेहताको निर्वाचन चिन्ह साइकलमा कुनै मत परेमा उक्त मत स्वत: बदर गर्न सम्बन्धित निर्वाचन अधिकृतलाई आयोगले निर्देशन समेत दिएको छ ।


जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु→
ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*